# वन अतिक्रमण नियन्त्रण तथा ब्यवस्थापन रणनीति,२०६८

## १.पृष्ठभूमि

नेपालको वनक्षेत्र कृषि, पर्यटन, उद्योग, जलश्रोत र भौतिक पूर्वाधारको आधार स्तम्भका रुपमा रहेको छ । मुलुकको झन्डै ४० प्रतिशत क्षेत्रफल ओगटेको वनक्षेत्रले सर्बसाधरणका लागि उर्जा, निर्माण सामाग्री, पशु आहार, जडिबुटी लगायतका उपभोग्य बस्तु तथा वातावरणीय सेवा र सुबिधा प्रदान गर्दै आएको छ । वनक्षेत्रले नेपाललाई जैविक विविधताको धनी मुलुकको रुपमा विश्व समुदाय माझ चिनाएको छ ।

वन श्रोतको समुचित संरक्षण र ब्यवस्थापन गर्दा गर्दै पनि बढ्दो जनसंख्याको चापले वन पैदावारको माग, कृषि भूमीको लागी वन फँडानी, अपराधिक शैलीमा चोरी कटानी र निकासीको कारणले वनक्षेत्रमा ह्रास आइरहेको छ यस्को अलावा मुलुकको अस्थिर राजनैतिक परीस्थिति, मुक्त कमैया, बसाइसराई, सुकुम्बासी, भूमीहिन, दैविप्रकोप पिडित र स्कूल, कलेज, अस्पताल, जलविद्युत, सिँचाइ, सडक जस्ता विकास निर्माणका लागि समेत वनक्षेत्र नै प्रयोग भएको हुँदा यसको घट्ने क्रम जारी छ । नेपालको तराई तथा भित्री मधेसका वन क्षेत्रहरु बढी अतिक्रमित हुने गरका छन् । फलस्वरुप, मरुभूमिकरण, जैविक विविधताको ह्रास, दैबि प्रकोप र जलवायू परिवर्तनको पीडा भोग्नु परेको छ । वनक्षेत्रको उचित संरक्षण नभएमा भावी सन्ततीले स्वच्छ वातावरणमा जीउन पाउने नैसर्गिक अधिकार हनन् हुने खतरा बढ्दै जाने प्रायः निश्चित छ । नेपाल सरकारले वनले ढाकेको क्षेत्रफल ४०% कायम राख्ने अठोट गरेको परिप्रेक्षमा अतिक्रमित वन क्षेत्रलाई खाली गराई पुनः वनक्षेत्रमै कायम गर्नु पर्ने टड्कारो आवश्यकता रहेको हुँदा वन तथा भू-संरक्षण मन्त्रालयले यो रणनीति बनाई लागू गरेको छ ।

## २. संबैधानिक एवं कानूनी ब्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को राज्यको नीति अर्न्तगत धारा ३५(५) मा “राज्यले वन, वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बांडफाँडको ब्यवस्था गर्नेछ” भन्ने उल्लेख भएको छ । वन तथा जैविक विविधताको प्रभावकारी संरक्षण, सदुपयोग तथा लाभको समन्यायिक बाँडफँडका लागी नेपालले जैविक विविधता संरक्षण सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, १९९२ लगायत अन्य बिभिन्न सन्धीमा हस्ताक्षर गरी सो अनुरुपको प्रतिबद्धता जाहेर गरेको छ । वन श्रोतको अत्याधिक दोहनबाट जैविक विविधता संरक्षणमा परेका असरहरुलाई न्यूनीकरण गर्न नेपालले जैविक विविधता रणनीति, २०५९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

वन ऐन, २०४९ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्र अतिक्रमण गर्ने कार्यलाई दण्डनीय अपराध मानेको छ । यसै ऐनको दफा १६ ले राष्ट्रिय वनलाई नीजि सम्पतिको रुपमा दर्ता हुनबाट बचाउ

गरेको छ । सोही ऐनको दफा ६८ मा कुनै विकल्प नभएको अवस्था र वातावरण तथा जैविक विविधतामा प्रतिकूल असर नपर्ने भएमा मात्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई वनक्षेत्र उपलब्ध गराउन सकिने प्राबधान भए बमोजिम नेपाल सरकारबाट वनक्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधी, २०६३ तयार पारी लागू भएको छ ।

## ३. रणनीति

३.१ नेपालको वनक्षेत्र ४० प्रतिशत भन्दा घट्न नदिने राष्ट्रिय नीतिलाई पूरा गर्न वन क्षेत्रलाई राष्ट्रिय प्राथमिकता क्षेत्र तोकी सबैखाले अतिकमण हुनबाट जोगाइने छ ।

३.२ वन क्षेत्रको जग्गा अतिकमण गरी बसोबास गरेबा ब्यक्तिका नाममा यस्तो वन क्षेत्रको जग्गा कुनै पनि अवस्थामा दर्ता नगराउने प्रतिबद्धता सार्वजनिक गर्ने ।

३.३ वनक्षेत्रमा हुन सक्ने अतिक्रमणलाई समयमै रोकथाम गरी विगतमा भएका अतिक्रमणलाई समेत क्रमशः हटाईनेछ । निश्चित मापदण्ड र कार्यबिधि अपनाई जग्गाको स्वामित्व नेपाल सरकारमै रहने गरी समयावधि तोकी शशर्त कबुलियती वनको रुपमा दिन सकिने व्यवस्था गरिनेछ ।

३.४ शहरीकरण भैसकेका र ब्यापारिक प्रयोजनका लागि अतिक्रमण भएको क्षेत्र खाली गराउन नसकिने अवस्था भएमा सो जग्गाको मूल्यांकन गराई बिक्री वितरण गरिनेछ । यसरी प्राप्त हुने रकम वन विकासमा खर्च गरिने छ ।

३.५ वन अतिक्रमण हटाई र वनक्षेत्र कायम गर्न आवश्यक पर्ने श्रोत र साधनलाई नेपाल सरकारले प्राथमिकता दिई उपलब्ध गराउने छ । यस कार्यका लागि नेपाल सरकारबाट विनियोजित रकम नपुग भएमा वन विकास कोष र जिल्ला वन पैदावार आपूर्ति समिति समेतको कोष परिचालन गर्ने गरी जिल्ला वन कार्यालयले कार्यकम तयार गरी कार्यान्वयन गर्नेछ ।

३.६ वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलबध गराइने छैन । वनक्षेत्र उपलव्ध गराउनुको कुनै विकल्प नभएका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा मात्र वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३ बमोजिम हुने छ ।

३.७ भूमीहिन, सुकुम्वासी, आरक्ष पिडित, बाढी पिडित, मुक्त कमैया लगायतका ब्यक्ति र घरपरिवारलाई वनक्षेत्रको जग्गा उपलव्ध गराउनुको सट्टा त्यस्ता वर्ग र समुदायलाई राज्यले मन्त्रालय र निकायसंग समन्वय कायम गराइ जीविकोपार्जनको वैकल्पिक ब्यवस्था मिलाउनेछ ।

## ४.कार्यनीतिहरु

४.१. वनले ढाकेको क्षेत्र ४० प्रतिशत कायम गर्ने राष्ट्रिय प्रतिबद्धतालाई पूरा गर्न वनक्षेत्रमा भएका सवै खाले अतिक्रमणहरु अनिवार्य रुपमा हटाइने छ । यस कार्यका लागि सरकारको एकल प्रयासले मात्र सम्भव नहुने हुँदा सवै राजनैतिक दलहरुको साझा प्रतिबद्वता, नागरिक समाज र सर्वसाधारण सबैको सहयोगका लागी ब्यवस्थापिका संसदबाट राजनैतिक प्रतिबद्धता सहितको संकल्प प्रस्ताव पारित गराउन प्रयास गरिने छ ।

४.२ अतिक्रमण हटाउँदा वन तथा भू-संरक्षण मन्त्रालय र अन्तरगतका निकायहरु, जिल्ला वनक्षेत्र समन्वय समिति, वनका साझेदार सँस्थाहरु, स्थानीय प्रशासन, जिल्ला स्थित राजनैतिक दलहरु, नागरिक समाज र आम नागरिकको सहयोगमा निश्चित समय दिई शान्तिपूर्वक वनक्षेत्र खाली गर्न आव्हान गरिने छ तर, तोकिएको समयमा वनक्षेत्र खाली नगर्ने वा हुलहुज्जत गर्ने वा वन संरक्षणमा अवरोध पुऱ्याउने ब्यक्तिलाई प्रचलित कानुन बमोजिम बल प्रयोग गरी हटाईनेछ । यस कार्यका लागी आवश्यक पर्ने सुरक्षाको प्रबन्ध गृह मन्त्रालय र अन्तरगतका निकायबाट उच्च प्राथमिकता राखी मिलाइनेछ ।

४.३ बिगत लामो समय देखि वनक्षेत्र वा राजमार्ग छेउछाउमा भौतिक पूर्वाधारयुक्त बजार, बस्ती, संरचना विकास भैसकेका वनक्षेत्रको लगत लिई त्यस्तो क्षेत्र खाली गराइने छ । यसरी खाली गराउन सकिने अवस्था नभएमा जग्गाको मूल्यांकन गरी एक वर्षभित्र बिक्री गरिने छ । बिक्री समेत नभएमा बलपूर्वक हटाइने छ ।

४.४ जग्गा बिक्रीबाट प्राप्त रकम वन विकास कोषमा जम्मा गराई वन क्षेत्रसंग जोडिएको जग्गा खरिद गरी वन विकास गर्ने वा सिमान्तब क्षेत्रमा बृक्षारोपण गरी वन पैदावारको उत्पादकत्व बढाइने छ ।

४.५ वनक्षेत्रमा हुन सक्ने अतिक्रमणलाई समयमै रोकथाम गर्न अतिक्रमण नियन्त्रण कार्ययोजना कार्यान्वयनमा ल्याइने छ ।

४.६ अतिक्रमण हटाईएको क्षेत्रमा भूमीहिनहरुको समूह गठन गरी निश्चित योजना सहितको कृषि वन प्रणाली (Agro-Forestry System) अन्तर्गत भूमी ब्यवस्थापन गर्न कबुलियती वनको रुपमा दिने ब्यवस्था मिलाइनेछ ।

४.७ स्थानीय विकास मन्त्रालयसंग समन्वय राखी स्थानिय निकायको श्रोत परिचालन गरी अतिक्रमण हटाइने छ ।

४.८ वन अतिक्रमणलाई बढावा दिने ब्यक्ति वा संघ/संस्थाको नामनामेसी कालोसूचिमा राखी प्रकासित गरिने छ ।

४.९ वन अतिक्रमण गरी वसोवास गरेका क्षेत्र, सरकारी वा गैह्र सरकारी सँस्था वा निकायले कुनै किसिमको भौतिक वा आर्थिक सुविधा उपलब्ध गराएमा त्यस्ता सँस्था वा निकायलाई कारवाहीको दायरामा ल्याइने छ ।

४.१० वन अतिक्रमण हटाउने तथा वन सम्बन्धी कानून परिपालना गर्दा संगठित रुपमा हात हतियार सहित आक्रमणका घटना घट्ने गरकोले सरकारी कर्मचारीहरुबाट यसको प्रतिकार तथा आत्मरक्षाको सिलसिलामा बल प्रयोग गर्दा अतिक्रमण गर्ने वा अतिक्रमणलाई सहयोग गर्ने ब्यक्तिको मृत्यु वा घाईते भएमा अपराधमा संलग्न ब्यक्तिको मृत्यु वा घाईते भएको मानिने छ । यसै गरी अतिक्रमण हटाउने कार्यमा परिचालित सरकारी कर्मचारी वा नागरिक समाजका ब्यक्तिको मृत्यु भएमा निजलाई राज्यबाट दिईने अधिकतम सुबिधा उपलब्ध गराउने र घाईते भएमा औषधोपचारको सम्पूर्ण खर्च सरकारले ब्यहोर्ने छ ।

४.११ वन अतिक्रमण नियन्त्रण र व्यवस्थापनको लागि वन तथा भू-संरक्षण मन्त्रालयले प्रभावकारी संयन्त्र निर्माण गरि लागू गर्नेछ ।

## ५. कार्यविधि

५.१ वन अतिक्रमणको किसिम अनुसार अतिक्रमण नियन्त्रण तथा ब्यवस्थित गर्न अवलम्बन गरिने कार्यविधि:

| वन अतिक्रमणको किसिम | सम्भाब्य क्षेत्रको विवरण | नियन्त्रण तथा ब्यवस्थित गर्न अपनाईने कार्यविधि |
|---|---|---|
| १.हालको फँडानी वा आवादी | आवाद गर्नका लागी वन फँडानी गर्ने वा साँध, सिमाना, बारबेर लगाउने वा सार्ने, खन्ने/जोत्ने कार्य भएको वा अन्नबाली लगाएको वा नलगाएको, घर/टहरा/छाप्रा लगाएको वा नलगाएको वन क्षेत्र । | • अतिक्रमण भएको क्षेत्रलाई तुरुन्तै खाली गर्ने/हटाउने ।<br>• अतिक्रमण हटाई सकेपछी उक्त जग्गालाई पुनः वन नै कायम हुने गरी जग्गाको प्रकृति हेरी तारबार गर्ने, बृक्षारोपण गर्ने, हुर्काउने र संरक्षणमा जनसहभागिता जुटाउने । |
| २.अस्थाई वसोवास | वन क्षेत्र ओगट्ने हिसाबले घर/कटेरा/छाप्रो बनाई समूहगत वा एकलरुपमा वसोवास गरेको, खेतीपाती गरेको वा नगरेको वनक्षेत्र । | अतिक्रमण भएको क्षेत्रलाई नियन्त्रणमा लिई चारकिल्ला सिमांकन गरी, चिन्ह लगाई, रेर्कड राखी देहाय बमोजिमको कार्यहरु क्रमशः गर्ने:<br><br>• अतिक्रमण भएको क्षेत्रलाई कार्यनीति ४.२ बमोजिम तुरुन्तै खाली गर्ने/हटाउने ।<br>• अतिक्रमण हटाई सकेपछि उक्त जग्गालाई वन नै कायम हुने गरी जग्गाको प्रकृति हेरी उपयुक्त किसिमले व्यवस्थापन गर्न जनसहभागिता समेत जुटाई तारबार, बृक्षारोपण, सरंक्षण गर्ने । |
| ३. पुरानो अतिकमण | अतिक्रमित क्षेत्रभित्र घर छाप्रो बनाई स्थायी रुपमा वसोवास गर्दै खेतीपाती समेत गरिएको । यस खालको अतिकमणमा पक्की घर, भौतिक तथा | • अतिक्रमण भएको क्षेत्रको चार किल्लाको सिमांकन गरी घर र जग्गाको क्षेत्रफल समेतको अभिलेख राख्ने ।<br>• अतिक्रमण गरेको जग्गा छाड्नका लागी सूचना दिने । |

| | | |
|---|---|---|
| | सामुदायिक विकासका पूर्वाधार समेत बनिसकेका । यस अन्तरगत धेरै पहिले देखिका आवादी समेत हुन सक्ने । | • यसरी वनक्षेत्र छाडनका लागी तयार भएमा नीजि सरसामान लैजान दिने ।<br>○ तर वन क्षेत्रमा धेरै बर्ष अगाडीदेखि शहर, बजार बसीसकेको, भौतिक पूर्वाधार निर्माण भई सो क्षेत्रलाई पुनः वन कायम गर्न नसकिने परिस्थिति भएमा कार्यनीति ४.३ बमोजिम गर्ने । |
| ४. पुरानो वा नयाँ अतिक्रमण, राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र तथा वन ऐनको दफा १६ आकर्षण हुने क्षेत्र | राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र, रामसार सूचिकृत सिमसार क्षेत्र, बिश्व सम्पदा क्षेत्र, भूमन्डलिय हिसाबले अद्धितिय इको रिजन अन्तरगत पहिचान गरिएका जैबिक मार्गहरु, वन्यजन्तुका बिशेष बासस्थान क्षेत्र, भू-क्षय नियन्त्रणका लागि सम्बेदनशिल क्षेत्र, प्रजाति वा बंशाणुश्रोत संरक्षण गर्नु पर्ने बिशेष क्षेत्रहरु । | • जग्गा दर्ता भएको भए तुरुन्त बदर गर्ने, अतिक्रमण हटाउने र वनक्षेत्र कायम गर्ने ।<br>• यस्ता क्षेत्रमा राज्यद्वारा कुनै पनि ब्यक्ति वा समूहलाई वनक्षेत्र उपलब्ध नगराउने । |
| **६.सस्थागत अतिक्रमण** | | |
| ६.१ नीजि, ब्यापारिक र नाफामुलक उद्देश्यले गरिएको अतिक्रमण । | यस अन्तरगत मेडिकल कलेज, निजी विद्यालय र क्याम्पसहरु, नीजि, लगानी वाट नाफामुलक उद्देश्यले संचालित विद्युत गृह, एफ. एम. स्टेशन र यसै प्रकृतिका अन्य ब्यापारिक योजनाहरु बाट भएको अतिक्रमण । | • ओगटेर मात्र वसेको क्षेत्रलाई तुरुन्तै हटाउने र अतिक्रमण हटाई सकेपछी उक्त जग्गालाई पुनः वन नै कायम हुने गरी ब्यवस्थापन गर्ने ।<br>• अतिक्रमण भएको क्षेत्रमा भौतिक सरंचना निर्माण गरी ब्यवसाय समेत संचालन गरिसकेको भए कार्यनीति ४.२ बमोजिम खाली हुने अवस्था नभएमा मात्र कार्यनीति ४.३ बमोजिम गर्ने । |
| ६.२ धार्मिक, सामाजिक तथा सांस्कतिक उद्देश्यले गरिएको अतिक्रमण । | यस अन्तरगत धार्मिक मठ, मन्दिर, गुम्बा, चिहान वा मसानघाट, सामुदायिक भवनहरु, सरकारी विद्यालय र क्याम्पसहरु, र यसै प्रकृतिसगं मेलखाने अन्य अतिक्रमणहरु । | • अतिक्रमण भएको क्षेत्रलाई सर्वेक्षण तथा सिमांकन गरी सिमानामा रहेका स्थायी चिन्हहरुको लगत रेकर्ड राख्ने र त्यसमा रहेका विद्यमान भौतिक सरंचनाको समेत लगत लिई थप पक्की संरचना वनाउन नदिने ।<br>• उचित समय दिई वन क्षेत्र खाली गर्न लगाउने । खाली गर्नु पर्ने क्षेत्र खाली नगरेमा प्रचलिन वन ऐन बमोजिम खाली गर्ने । |
| ६.३ गैह्र नाफामूलक र सार्वजनिक हित तथा सेवाको उद्देश्यले सघं सँस्थाहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजना/आयोजना वाट हुन गएको अतिक्रमण । | प्रहरी चौकी, आर्मी क्याम्प, शिविरहरु, प्राथमिक स्वास्थ्य चौकी र राष्ट्रिय प्राथमिकतामा रहेका नहर, सडक, विद्युत र यसै प्रकृतिका अन्य योजनाहरु । | • सम्भव भए सम्म वनक्षेत्र खाली गराउन विकल्पको खोजी गर्न लगाउने ।<br>• हटाउन सम्भव नभएको अवस्थामा वन क्षेत्रको जग्गा अन्य क्षेत्रलाई उपलब्ध गराउने कार्यविधि, २०६३ बमोजिम रित पुगेका प्रस्तावनाहरुलाई जग्गाको स्वामित्व नेपाल सरकारमा रहने गरी भोगाधिकार मात्र उपलब्ध गराउने ।<br>• अन्यलाई हटाउने । |

## ५.२ सँस्थागत व्यवस्थापन

१. देहाएका सदस्यहरु रहने गरी वन विभागमा एक केन्द्रिय वन अतिक्रमण नियन्त्रण एकाई गठन गरिने छ :

- राष्ट्रिय वन महाशाखा प्रमुख, रा.प.प्र.(प्रा.), वन विभाग — संयोजक
- उपसचिव प्रतिनीधि, वन तथा भू-संरक्षण मन्त्रालय — सदस्य
- उपसचिव प्रतिनीधि, गृह मन्त्रालय — सदस्य
- प्रमुख सेनानी, वन सुरक्षा शाखा, वन विभाग — सदस्य
- प्रतिनिधि, वन उपभोक्ता महासंघ — सदस्य
- उपसचिव प्रतिनीधि, सामुदायिक वन महाशाखा, वन विभाग — सदस्य
- उपसचिव प्रतिनीधि, अर्थ मन्त्रालय — सदस्य
- उपसचिव प्रतिनीधि, स्थानीय विकास मन्त्रालय — सदस्य
- प्रहरी उपरीक्षक, नेपाल प्रहरी — सदस्य
- प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल — सदस्य
- वन संरक्षण अधिकृत, राष्ट्रिय वन महाशाखा, वन विभाग — सदस्य-सचिव

**नोटः** एकाइले आवश्यक्तानुसार व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिका सदस्य तथा राजनैतिक दलका प्रतिनीधिलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

२. **काम, कर्तब्य र अधिकार**ः
एकाईको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) वन अतिक्रमण नियन्त्रण तथा ब्यवस्थापन रणनीति, २०६८ कार्यान्वयन गर्न लगाउने ।

(ख) वन अतिक्रमण उठाउनको लागि वार्षिक कार्यक्रम बनाउन जिल्ला वन कार्यालयलाई सहयोग गर्ने ।

(ग) जिल्ला वन कार्यालयले उठाएको अतिक्रमणको अनुगमन तथा मूल्यांकन गरी आवश्यक निर्देशन दिने ।

(घ) वन अतिक्रमण उठाउने कार्यमा प्रहरी, प्रशासन, जिल्ला वनक्षेत्र समन्वय समिति, राजनैतिक दल आदिको सहयोगको लागि समन्वय गर्ने ।

(ङ) अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनको अनुगमनको लागि जिल्ला वनक्षेत्र अनुगमन समितिसंग समन्वय गर्ने ।

(च) अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यको लागि नपुग आवश्यक स्रोत र साधन जुटाउन सहयोग गर्ने ।

(छ) समितिको बैठक कम्तीमा महिनामा एक पटक बस्ने ।

(ज) अतिक्रमण नियन्त्रणमा भएको प्रगतिको जानकारी मासिक रुपमा सम्बधित मन्त्रालय/निकायमा पठाउने ।

३. वन संगठनको समसामयिक सुदृढिकरण गरी सशस्त्र वन रक्षकहरुको भूमिका थप प्रभावकारी बनाउन सो सम्बन्धी ऐन र नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।

४. अतिक्रमण हटाउनका लागि हरेक जिल्ला वन कार्यालयले माथि उल्लेखित बर्गीकरण अनुसारको कार्ययोजना (Action Plan) तुरुन्तै तयार गरी कार्यान्वयन गर्ने ।

५.क्षेत्रीय वन निर्देशकले आफ्नो क्षेत्र अन्तरगतका क्षेत्रीय कार्यालय, जिल्ला स्थित कार्यालय तथा स्थानिय राजनैतिक दलसंग समन्वय गरी अतिक्रमण हटाउन प्रयासरत रहनु पर्ने छ ।